३.बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको प्रभु बैंक लि. बौनिया शाखामा रहेको खाता नं. १३४०१६११७९३०००११ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फाराम प्रति लटको रु.१०००।-पछि फिर्ता नहुने गरि तिरी यस सामुदायिक वन उपभोक्ता समूह तथा डिभिजन वन कार्यालय पहलमानपुरबाट खरिद तथा दाखिला गर्न सकिने छ ।

५.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस समूहको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६.लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,करदर्ता प्रमाणपत्रको प्रतिलिपी,मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर(PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र डिभिजन वन कार्यालयमा सूचिकृत भएको प्रमाणको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८०।०१।३१ मा विहान ११:३० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १०(दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर,संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधी भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरकपरे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र सदर वा वदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहने छ ।

**अनुसुची-१६**

(दफा ३३ को उप-दफा (२) संग सम्बन्धित)

## चेतना सामुदायिक उपभोक्ता समूह,जानकी ९ कैलाली

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशन मिति २०७९/१२/२३ गते**

**दोस्रो पटक प्रकाशन मिति २०८०/०१/१४ गते**

चेतना सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित समूहको घाटगद्दीमा विभिन्न लटमा बिभाजित निम्न परिमाणको काठ /दाउरा जे जस्तो अवस्थामा छ ,सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति,संघ,संस्था,फर्म वा कम्पनीले यो सूचना **सौर्य दैनिक** पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र सिलबन्दिको बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपशिल

| क.सं. | लट नं. | धाङ्ग नं. | जात | ग्रेड | थान | परिमाण | न्युनतम मुल्य रु. | संकलन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ९,१०,२५ | सिसौ | A | ५ | ६२.२२ | ६२२२० | ११२०० | |
| | | | | B | १७ | ९८.४२ | ७८७३६ | १७७१६ | |
| | | | | C | १६ | ६३.८३ | ३१९१५ | ११४८९ | |
| | | | | D | ७ | १७.६६ | ५२९८ | ३१७८.८ | |
| १ | १ | जम्मा | | | ४५ | २४२.१३ | १७८१६९ | ४३५८३ | |
| | | २३,२७ | कुकाठ | | ११ | १९८.६९ | १९८६९ | ३५७६४ | |
| | | ११ | हल्दु | C | ५ | २२.९२ | २२९२ | ४१२५.६ | |
| | | १५,१६,१७,१९,२०,२४,२६ | जामुन | A | ३ | ४७.४७ | १८९८८ | ८५४४.६ | |
| | | | | B | ८ | ८२.४८ | २४७४४ | १४८४६ | |
| | | | | C | ५३ | ३२९.८३ | ३२९८३ | ५९३६९ | |
| २ | २ | १,२,३ | खयर | | ६४ | ४५९.७८ | ७६७१५ | ८२७६० | |
| ३ | ३ | ४,२८ | खयर | | २०७ | ८४९.१० | ८४९१०० | १५२८३८ | |
| | | | | | १०१ | ५२८.३० | ५२८३०० | ९५०९४ | |
| ४ | ४ | ५,१८,२२ | असना | A | १४ | ४८२.७३ | १९३०९२ | ८६८९१ | |
| | | | | B | ११ | २५१.६७ | ७५५०१ | ४५३०१ | |
| | | | | C | ७ | ५९.९८ | ५९९८ | १०७९६ | |
| | | | | | ३२ | ७९४.३८ | २७४५९१ | १४२९८८ | |
| ५ | ५ | ६ | असना | A | ७ | ३३४.२० | १३३६८० | ६०१५६ | |
| | | | | B | ७ | १८६.२० | ५५८६० | ३३५१६ | |
| | | | | C | ६ | ७७.२३ | ७७२३ | १३९०१ | |
| | | | | | २० | ५९७.६३ | १९७२६३ | १०७५७३ | |
| | | | | A | १० | १९०.५० | १९०५०० | ३४२९० | |
| ६ | ६ | ७,१२ | साल | B | १९ | ३२१.३२ | २२४९२४ | ५७८३८ | |
| | | | | C | २२ | २००.८६ | १००४३० | ३६१५५ | |
| | | | | D | १ | ०.७८ | १९५ | १४०.४ | |
| | | | | | ५२ | ७१३.४६ | ५१६०४९ | १२८४२३ | |
| | | | | A | १४ | ३२३.५५ | ३२३५५० | ५८२३९ | |
| ७ | ७ | १३,१४,२१ | साल | B | १८ | २५६.३५ | १७९४४५ | ४६१४३ | |
| | | | | C | २६ | २६०.६८ | १३०३४० | ४६९२२ | |
| | | | | D | ४ | ४५.०१ | ११२५२.५ | ८१०१.८ | |
| | | | | | ६२ | ८८५.५९ | ६४४५८८ | १५९४०६ | |
| ८ | ८ | दाउरा मिश्रीत चट्टा | | | ३ चट्टा | | ३६००० | ३६००० | |

**१.वन पैदावारको विवरण :-**

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

क) अन्तिम मिति :२०८०।०१।२९ गते        ख) समय दिउसो ३:०० बजे सम्म